# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी रामलोचन मंडलसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला धनुषा, हँसपुर नगरपालिका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडल समेतका प्रतिवादीहरू उपर हँसपुर नगरपालिका वडा नं.५ स्थित सुगानिकास देखि कट्टीसम्म पि.सि.सि. ढलान योजनामा सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.७,८१,८१८/०३ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (घ) र सोही ऐनको दफा ३(१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।११।२६ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०४।०४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने